# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## जोरायल गाउँपालिका

## डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

प्रदेश लेखापरीक्षण निर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.

मितिः २०७९।३।१२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
जोरायल गाउँपालिका,
डोटी।

**कैफियत सहितको राय**

हामीले **जोरायल गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.२ करोड १४ लाख ६३ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१० लाख ९० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९५ लाख ३८ हजार, नियमित गर्नुपर्ने रु.४७ लाख ९२ हजार र पेश्की रु.६० लाख ४३ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.६ करोड ६५ लाख ६८ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.७ करोड १० लाख ८९ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## जोरायल गाउँपालिका, डोटी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| **प्रारम्भिक बेरुजु** | | | **प्रतिक्रियाबाट फस्योंट** | | | **बाँकी बेरुजु** | | | **बेरुजु** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८१ | २३ | २१४६३ | ० | ० | ० | ८१ | २३ | २१४६३ | १०९० | ४७९२ | ९५३८ | ० | ० | १४३३० | ६०४३ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्योंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ६६५६८ | 0 | १६९४२ | ४९६२६ | 0 | २१४६३ | ७१०८९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : जोरायल गाउँपालिका, डोटी , जोरायल गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नरेन्द्र सिंह ठगुन्ना | २०७७-५-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बबिता रावत | २०७६-९-८ | |
| | | **बेरुजु रकम** | २१,४६३,१२१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३,२१,६६,५३५.८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३९,२१,९८,२५८ | चालु खर्च | ३०,९४,००,१०२.१२ |
| प्रदेश सरकारबाट अनुदान | २,११,७८,११४ | पूँजीगत खर्च | १५,९८,७५,६८४.४३ |
| राजश्व बाँडफाँट | ७,४६,०२,८२२.६३ | वित्तीय/अन्य व्यवस्था | ७,७५,६०,४५८.५५ |
| आन्तरिक आय | २६,६७,६८२.१७ | | |
| अन्य आय | १२,२६,२७,३२२ | | |
| कुल आय | ६१,३२,७४,१९८.८ | कुल खर्च | ५४,६८,३६,२४५.१ |
| बाँकी मौज्दात | | ९,८६,०१,११९.३७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **छलफल**<br>उपरोक्त आर्थिक कारोवारहरुको पेश भए सम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्यांकन तथा स्वीकृत लेखापरीक्षण योजना वमोजिम जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर प्रतिष्ठानका सम्बन्धित पदाधिकारीहरुसंग मिति २०७८।०६। मा छलफल सम्पन्न भएको छ । लेखापरीक्षवाट देखिएका व्यहोराहरु निम्ननुसार छन्ः<br>**वित्तिय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नु पर्ने उल्लेख छ । सोही ऐनको दफा ६९ मा तोकीय बमोजिम गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा सो गरेको पाईएन । ऐनले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैङ्क विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा नगरपालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• गाउँपालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास अभिलेख नराखेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काको खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले ग्रामिण सडकहरुको मापदण्ड तोक्न सक्ने अवस्थामा सो नगरी अति साँघुरा वाटोहरुमा बजेट विनियोजन गरी खर्च गरेको पाइयो।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्वास्थ्यकर्मिको खोप लगाउन जादाको यातायात तथा खाजा खर्च, संक्रमित कर्मचारीको एम्बुलेन्स खर्च जस्ता निजी प्रकृतीका खर्चहरु समेत पालीकाले व्यहोरेकोले यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ३ | | | **तलवि प्रतिवेदन**<br>निजामती सेवा ऐन, 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो । कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **बरबुझारथ**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गर्न सुझाव दिएपनि सो अनुसार अद्यावधिकगरेको देखिएन। नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ५ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेट सिमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा गाउँपालिकाबाट एकमुष्ठ बजेट सीमा तयार गरे पनि उल्लिखित अन्य कार्यहरु गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार विषय क्षेत्रगत बजेट सीमा लगायत बजेट प्रक्षेपणको सम्बन्धमा नियम तथा कार्यविधिको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **गत विगतको भुक्तानि**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०76।77 मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रू.१४७२४९५.०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । त्यस्तै कोभिडको शिर्षकमा जोखिम भत्ता रु.११७०९८७.०० र सामाग्री खरीद रु.६७२१२४.०० समेत रु.२६४३१११.०० कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७7।७8 को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । अतः यस्तो खर्च रकम नियमसम्मत मदेखिएको रु. | २,६४३,१११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्यतथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू.४६९२७५.६८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू.७१७२२.२६ हजार अर्थात १३.५२ प्रतिशत, दोश्रो चौमासिकमा रू.१३४३९६.९१ हजार अर्थात २५.३४ प्रतिशत र तेश्रो चौमासिकमा रू.२६३०७६.६० हजार, अर्थात प्रतिशत ४९.७० खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.१५८००३.७३ हजार अर्थात ६०.०६ प्रतिशत खर्च भएको देखिएकाले असारमा खर्च भार बढी भएको देखिन्छ । अतः पालीकाले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** (रु हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** | |
| चालु खर्चतर्फ | ३०९४०० | ६४४७०.९५ | ७४०३६.६८ | १७०८१२.४७ | १०७७९९.२१ | |
| पूँजिगत खर्चतर्फ | १५९८७५.६८ | ७२५१.३१ | ६०३६०.२३ | ९२२६४.१४ | ५०२०४.५२ | |
| जम्मा | ४६९२७५.६८ | ७१७२२.२६ | १३४३९६.९१ | २६३०७६.६० | १५८००३.७३ | |
| प्रतिशत | ८८.५६ | १३.५२ | २५.३४ | ४९.७० | ६०.०६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७7।७8 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४२९२८१० | १७५९०९१८.४४ | ७२.४१ |
| २ | पूर्वाधार विकास | ८६५९२३२९ | ७६६५१२९१.५१ | ८८.५२ |
| ३ | सामाजिक विकास | ३०५४२४७८७ | २७५२५०४९९.७७ | ९०.१२ |
| ४ | बातावरण तथा विकास | ०.०० | ०.०० | ०.०० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७५००००० | ५८६०९५९ | ७८.१५ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०६६०८५६२ | ९३९२२११७.८३ | ८८.१० |
| **जम्मा** | | **५३०४१८४८८** | **४६९२७५७८७** | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ९०.१२ प्रतिशत र सबै भन्दा कम आर्थिक विकासमा ७२.४१ प्रतिशत मात्र खर्च भएको अवस्था छ। त्यस्तै गरी वातावरणीय संरक्षणको क्षेत्रमा पालीकाले रकम विनियोजन गरेको पाईएन । स्थानीय तहको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका सूचकहरुको आधारमा बजेट सांकेतिकरण गरी बजेटलाई समावेशी तथा दिगो विकासका स्थानीय लक्ष्य गन्तव्य र सूचकहरुको प्राप्तिमा केन्द्रित गराउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **खर्च विश्लेषण**<br>गाउँपालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु.२६ लाख 6७ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.7 करोड ४६ लाख २ हजार समेत रु७ करोड ७२ लाख ५ हजारआम्दानी भएकोमा चालु तर्फ रु ३० करोड ९४ लाखर पूँजिगत तर्फ रु १५ करोड ९८ लाख 7५ हजारसमेत रु ४६ करोड ९२ लाख ७५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १६.४५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु६४ लाख ४९ हजार खर्च भएको छ जुन आन्तरिक आयको २४१.८१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट68.77 प्रतिशत चालु र 31.22प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १२ | | | **लक्ष्य प्रगति**<br>आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ मा बजेटको चौमासिक बिभाजन गरी सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ ।सञ्चालित कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका २३८ योजनाको नियममा तोकिएको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको छैन । | |

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | बार्षक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५ % सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| मूल कार्यक्रम संख्या | ५ | ० | ० | ० | ७५.००% |
| जम्मा | ५ | ० | ० | ० | ७५.००% |

पालीकाले तोकिएको ढाँचामा प्रगति विवरण पेश नगरी एकमुष्ठ प्रगति बनाई पेश गरेको छ । जसले गर्दा लक्ष्य र प्रगतिको यथार्थ विष्लेषण गर्न सकिएन । अतः तोकिएको ढाँचामा प्रगति विवरण बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १३ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ६ पदमा ८७ जना करार नियुक्ति गरी बर्षभरीमा रु२८६९६७९१.०० भुक्तानी गरेको देखियो । ऐन नियमको प्रावधान अनुसार कर्मचारी व्यवस्था हुनुपर्दछ । | |
| १४ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६१ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका स्वास्थ्य अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५ | | | **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **सेवा प्रवाह स्तथिति** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १7 ऐन, ४ नियमावली, 14 कार्यबिधि लगायत 35 वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | 4 |
| पञ्जिकरण तर्फ | |
| जन्मदर्ता | 1047 |
| मृत्युदर्ता | 180 |
| बसाईसराई दर्ता | 485 |
| विवाह दर्ता | 304 |
| सम्बन्धविच्छेद दर्ता | 2 |
| प'र्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ५.५ |
| ग्राभेल सडक मर्मत | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५÷७६ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्मका: ६५; रु १ लाख देखि 5 लाख सम्मका: १२६; रु ५लाख देखि १० लाख सम्मका: २५; रु १० लाखभन्दा बढीको: १९; 50 लाख भन्दा बढी: ३; जम्मा: २३८<br><br>उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु ५० हजार देखि रु १ करोड सम्मका जम्मा ६ वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र ६५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफलभन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवकारी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था देखिएकोले यसतर्फ ध्यान दिनु पर्दछ । | |
| १८ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल गरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । तर पालीकाले लेखा समिति गठन गरेको पाईएन । साथैलेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्पकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |

Nested table (row १७):

| रु १ लाख सम्मका | रु १ लाख देखि 5 लाख सम्मका | रु ५लाख देखि १० लाख सम्मका | रु १० लाखभन्दा बढीको | 50 लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| ६५ | १२६ | २५ | १९ | ३ | २३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कानू र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ११ वटा ऐन, ३वटा नियमावली, ३९ वटा कार्यविधि लगायत ७४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । कार्यपालिकाबाट स्वीकृत गरेका उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| २० | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५ वटा बाँकी रहेकोमा यो बर्ष थप ४३ गरी जम्मा ४७ भएकोमा 1 वटा अदालतमा गएको र बाँकी सवै फछ्र्योट भएको देखिन्छ । | |
| २१ | | | **कार्य विभाजन तथा सम्पादन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यापालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ भन्ने व्यबस्था छ । सो नियमावलीमा प्रमुख उपप्रमुख वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्ने उल्लेख भएकोमा पालिकाले हाल सम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको छैन । कार्य विभाजन नियमावली स्वीकृत गरी स्थानीय तहलाई संस्थागत गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **बैठक भत्ता**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा २ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यहरुले २०७६ कार्तिक महिना देखि अनुसूची १ मा उल्लिखित सुविधा उपलब्ध हुने व्यवस्था छ । अनुसूची १ मा बैठक भत्ता रु १०००। का दरले पाउने र प्रति महिना २ बैठक सम्मको खर्च लेख्न पाउने व्यवस्था छ । जस अनुसार बढीमा रु ६९३०००। खर्च लेख्न सकिने देखिन्छ । पालिकाले यो वर्ष बैठक भत्तामा रु १359000। खर्च गरेको देखियो । तोकिए भन्दा बढी संख्यामा बैठक बसी रु 666000। भत्ता वापतको खर्च लेखेको पाइयो । कानूनले तोकेको भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धित पदाधिकारीहरुबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नु पर्ने रू. | ६६६,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>
स्थानीय तहका पदाधिकारी सुविधा<br>
नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रू.६४४९०००.०० सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष ६</th><th>कार्यपालिका सदस्य १४ जना</th><th>सभाका सदस्य ३३ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>4000</td><td>4000</td><td>24000</td><td>24000</td><td>76000</td><td>४१२०००</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>-</td><td>54000</td><td>72000</td><td>-</td><td>-</td><td>२५२०००</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>36000</td><td>30000</td><td>126000</td><td>108000</td><td>228000</td><td>१०५६०००</td></tr>
<tr><td>४</td><td>पत्रपत्रीका, ईन्टरनेट</td><td>30000</td><td>27000</td><td>144000</td><td>108000</td><td>228000</td><td>१०७४०००</td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>54000</td><td>42000</td><td>216000</td><td>180000</td><td>342000</td><td>१६६८०००</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>60000</td><td>54000</td><td>252000</td><td>-</td><td>-</td><td>७३२०००</td></tr>
<tr><td>७</td><td>खानेपानी।विजुली</td><td>21000</td><td>18000</td><td>72000</td><td>72000</td><td>114000</td><td>५९४०००</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>25000</td><td>22500</td><td>96000</td><td>54000</td><td>133000</td><td>६६१०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४७६०००</td><td>५१९०००</td><td>२१०००००</td><td>११८८०००</td><td>२१६६०००</td><td>६४४९०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **स्वकीय सचिव**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी सल्लाहकारको रुपमा १ जनालाई नियुक्त गरी बार्षिक रू. ५४९१५0.०० भुक्तानी भएको छ । ऐन नियम भन्दा फरक गरी खर्च भएको र अनियमित देखिएको कार्यको आवस्यक नियन्त्रण गरी नियमित गर्नु पर्ने रु | ५४९,१५० |
| २५ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष खाना तथा विविध तर्फ मात्र रू. १४६२०००.०० खर्च गरेको छ जुन आन्तरिक आयको ३५.२५ प्रतिशत हुन जान्छ । दिगो वित्तीय स्रोतको अभावमा हुने चालु प्रकृतिका खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| २६ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष विभिन्न २६२ वटा संस्था एवं व्यक्तीहरुलाई रु १५८६५००.०० आर्थिक सहायता वितरण गरेको छ जुन कूल आन्तरिक आयको ५९.४८ प्रतिशत हुन जान्छ । यसरी निश्चित मापदण्ड र दिगो स्रोत वेगर पटके निर्णयको आधारमा गरिने आर्थिक सहायता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| २७ | | | **अनुदान उपयोगको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर गाउँपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान ग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **अनुगमन प्रतिवेदन**<br>विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपम लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदनतथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट प्रदेश विशेष अनुदान अन्तर्गत संचालित विभीन्न योजनाको १०० प्रतिशत काम सम्पन्न भएको अवस्थामा पनि कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। अतः सो सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ । | |
| २९ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ११ वटा मन्दिर एवं मसानघाटहरु निर्माण तथा मर्मतमा रु २११५४७१.२२ विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमाकूल गाउँपालिकाको पुँजिगत बजेटको १.३ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्तालाई जिम्मेवारी बढाई नगरपालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनुपर्दछ । | |
| ३० | | | **ठेक्का व्यवस्थापन**<br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिदलाई खुला र प्रतिस्पर्धी बनाउन विभिन्न खरिद विधिहरुको प्रावधान छ । पालिकाले यो वर्ष पुजिगत प्रकृतिका खरिदमा रु ३ करोड ४४ लाख ४१ हजार खर्च गरेकोमा सिलवन्दी दरभाउपत्र मार्फत रु ९७ लाख ४० हजार र वोलपत्र मार्फत २ करोड २० लाख ९१ हजार समेत कूल३ करोड १८ लाख ३१ हजारको खरिदमा मात्र प्रतिपर्धा कायम भएको छ । पालिकाले ८० प्रतिशत कार्य उपभोक्ता समितिबाट वा सोझै खरीद विधिबाट भएको देखियो । खरिदलाई प्रतिस्पर्धात्मक र खुला बनाई सार्वजनिक स्रोतको महत्तम उपयोग हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **बार्षिक खरिद योजना । गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रू १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. १५ करोड ९८ लाख ७५ हजार पूँजीगत खर्च/खरिद/निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३२ | | | **चेनेज नखुलाएको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा सार्वजनिक निकायले खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुनसक्ने वा काम पिच्छे छुट्टै सम्झौता गर्नुपर्ने समेतको विचार गर्नुपर्ने व्ययवस्था छ । पालिकाले यो वर्ष सडक निर्माण सम्बन्धी कार्य गर्दा गत विगत वर्षको योजना सँग मेल खाने नामका धेरै सडकहरु निर्माण कार्यको भुक्तानी गरेको देखियो । निर्माण गरिने सडकको मूल लागत अनुमान तयार गरी उपलब्ध बजेट र समयको आधारमा चेनेज खुलाई फरक फरक खण्डको नाम दिई खरिद विधि छनौट गर्नु पर्नेमा एउटै नाम रहेका सडकहरु सबैको चेनेज शुन्यबाट शुरु गरेको अवस्थामा निर्माणका कार्यहरु फरक फरक खण्डका सडकहरु हुन वा एउटै खण्डका बैकल्पिक सडकहरु हुन्् खुल्न आएन । यसरी एउटै खण्डमा दुई वा सो भन्दा बढी निर्माण कार्यका सम्झौताहरु हुन वा एउटै खण्डको सडकमा दोहोरो भुक्तानी भएका हुन्् एकिन गर्न नसकिएकोले निर्माण योजनाहरु फरक फरक निर्माण कार्य भएको प्रमाणित गराई चेनेज खुलाई अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| ३३ | | | **आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयको प्रक्षेपण तथा ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । यो वर्ष पालिकाले आन्तरिक आय कूल रु २५ लाख अनुमान गरेकोमा सोको१०६ प्रतिशत २६ लाख 67 हजार असुली भएको छ । आन्तरिक आय विस्तारको लागि राजस्व नीति तय गरी कार्यान्वियनमा ल्याइनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |
| ३५ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडाबाट पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३६ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.२६५८७५.०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । घ वर्गका निर्माण व्यवसायीहरुले वार्षिक रुपमा निर्माण ईजाजत नविकरण गर्नु पर्ने व्यवस्था छ । पालिकाबाट निर्माण ईजाजत लिएका निर्माण ब्यावसायीहरुले ईजाजत पत्र नविकरण गरेको देखिएन । पालिका क्षेत्रमा दर्ता भएका व्यवसायहरुको लगत अभिलेख राख्ने गरेको छैन । जसबाट पालिकाले संकलन गरेको र वक्यौता व्यवसाय कर यथार्थता परीक्षण गर्न सकिएन । तसर्थ गाउँपालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **वन पैदावर विक्री आय असुल नभएको**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन । अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डीभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ । | |
| ३८ | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा पालिकामा यस बर्ष सवारी साधन शुल्क संकलन भएको छैन । आफ्नो क्षेत्रमा संचालन हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ३९ | | | **मनोरञ्जन कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । पालिकाले आफ्नो क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ४० | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालीकाले यस बर्ष व्यवसाय कर वापत उठाउनुपर्ने कर संकलन गरको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **लागत सहभागित**<br>नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४२ | | | **प्राविधिक विल र कार्य सम्पन्न**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४३ | | | **हेभि इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । कानूनको पालनामा ध्यान जानुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४४ | | | **उपभोक्ता समिति मार्फत निर्माण कार्य**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा रू १ करोड भन्दा बढीको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितबाट गर्न नहुने व्यवस्था छ । सोही नियममा रु ६० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यमा प्रत्येक कार्य ईकाइमा उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नु पर्ने योगदान सहितको परीमाण एकिन गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी नियमावलीको यसै नियममा लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी रकम मू.अ.कर र ओभरहेड तथा जनसहभागिताको अंश समेत समावेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष विभीन्न निर्माण कार्यहरुको लागत अनुमान रू १ करोड भन्दा बढी भएको अवस्थामा पनि उपभोक्ता समिति मार्फत गराएको देखियो भने लागत अनुमान रू ६० लाख भन्दा बढी भएको अवस्थामा नियमावलीको प्रावधान अनुसार प्रत्येक कार्य ईकाइमा उपभोक्ता समितिको योगदान नखुलाई एकमुष्ठ ५ प्रतिशत लागत उपभोक्ता समितिबाट व्यहोरिने गरी सम्झौता गरेको छ ।तसर्थ कुन काम उपभोक्ता समितिबाट र कुन काम कार्यालयको आर्थिक योगदानबाट भएको हो सो खुल्दैन। अतः जनसहभागिताको अंश समेत समावेश गरी उपभोक्ता समितिसँग सम्झौता गरी सोहि अनुपातमा मात्रै भुक्तानी दिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४५ | | | **बार्षिक खरिद योजना/ गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु१५९८७५६८०.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **निर्माण कार्यको गुणस्तर**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ)अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने, कालोपत्रे सडकककको परिक्षण जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । | |
| ४७ | | | **मालसमान तथा उपकरण खरिद**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका अधिकांश माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **बढि ग्रेड भुक्तानि**<br>शिक्षा नियमावली, 2059 (संशोधन सहित) को नियम 126 (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिकाले शिक्षकहरुको तलवी प्रतिवेदन मिती २०७७।१२।०३ मा मात्रै पास गरि रु. ११८०६५५०३.०० तलव खर्च लेखेको छ । पालीकाले कानूनी व्यवस्था बमोजिम शिक्षकको तलवी प्रतिवेदन पासभएवमोजिम मात्रै खर्च लेख्नुपर्नेमा देहाय वमोजिमका शिक्षकहरुको नाममा पारीत तलवी प्रतिवेदन भन्दा बढि ग्रेड निकासा विद्यालय खातामा दिएको पाईएकोले बढि निकासा रकम सम्वन्धित विद्यालयबाट असूल हुनुपर्ने रु | ११४,१६८ |

| सि.नं | विद्यालय | शिक्षक | पारीत ग्रेड | निकासा | बढि निकासा |
|---|---|---|---|---|---|
| १ | रत्न आ.वि.रावतकट्टे | हरेन्द्र बहादुर साउद | ६५८०. | ८४६०. | २६६९६. |
| २ | जगदम्वा आ.वि.काफली | दिर्घराज जोशी | ५६४०. | ६५८०. | १३३४८. |
| ३ | वेताल आ.वि. | खेम बहादुर खत्री | ५६४०. | ६५८०. | १३३४८. |
| ४ | घण्टेश्वर मा.वि | पदमराज उपाध्याय | ३६००. | ४८००. | १७०४०. |
| ५ | दुर्गा आ.वि | शिद्धराज जोशी | ६०००. | ७२००. | १७०४०. |
| ६ | केदार मा.वि | नरेन्द्र बहादुर साउद | ६५८०. | ८४६०. | २६६९६. |
| जम्मा | | | | | ##### |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **तलवि भरपाई**<br>सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यारत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको चौमासिकको तलवी भरपाई एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टा।दाखिलाको प्रमाण सहित पेश गर्नुपर्नेमा पेश गर्ने गरेको पाईएन जसले गर्दा तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ । | |

| ५.१ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **शिक्षक दरबन्दी र पदपुर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५८ सामुदायिक विद्यालयहरुमा २३९ जना शिक्षक दरवन्दी रहेकोमा स्थायी २२८ र करार ११ जना सहित पदपूर्ति भएको देखियो । कूल 64३५ जना विद्यार्थीको संख्या रहेकोमा प्रति शिक्षक विद्यार्थी अनुपात 1:२६ देखिन्छ ।पेश भएको विवरण अनुसार देहायका विद्यालयमा औसत अनुपात भन्दा बढी शिक्षक दरवन्दी देखिन्छ । | |

| विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|
| शौनक आ.वि. | २ | ५२ | १:२६ |
| भूमिश्वर आ.वि. | २ | ४५ | १:२२ |
| नुबादेव आ | ४ | ५८ | १:१४ |
| जनसेवा आ.बि.रुपसकाँडा | ३ | ३२ | १:१० |
| कमला आ.बि. कमलानदी | ३ | ५० | १:१५ |
| नवदुर्गा आ.बि. मेलखोला | २ | ३३ | 1:15 |
| भूमीराज केदार आ.बि. वसेनी | २ | ६१ | १:३० |
| समैजी आ.बि. गडाखर्क | ३ | ४५ | १:१५ |
| नवदुर्गा आ.बि. ठुलढुंगा | ३ | २६ | १:०९ |
| नुवादेव आ.बि. सेगुनी | ३ | ५१ | १:१५ |
| श्री कालीका आ.बि. कोटेली | २ | १५ | १:०७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | असिम आ.बि. नौकँडा | २ | ३५ | १:१५ | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काफलेश्वर आ.बि. अल्याडी | २ | ३१ | १:१५ | | |
| | | | | महासरस्वती मा.वि.देउथला | ५ | ११२ | १:२२ | | |
| | | | | भागेश्वर आ.बि. सिराड | ३ | ४६ | १:१५ | | |
| | | | | वेताल आ.बि. चुचुढुङ्गा | ३ | ४६ | १:१५ | | |
| | | | | बेताल आ.बि. बिनोडा | ३ | ८३ | १:२८ | | |
| | | | | गडौरी आ.बि. नकु लक्ष्मीनगर | ३ | ४९ | १:१५ | | |
| | | | | बागेश्वर आ.बि.बगस्ती लक्ष्मीनगर | ३ | ८३ | १:२८ | | |
| | | | | महादेव आ.बि. भजना | २ | ५१ | १:२५ | | |
| | | | | केदार आ.बि. थली लक्ष्मीनगर | ३ | ५१ | १:१५ | | |
| | | | | लक्ष्मी आ.बि. गुनड | ३ | ४२ | १:१५ | | |
| | | | | मष्टा आ.बि.वगिडा | २ | २९ | १:१५ | | |
| | | | | मालिका आ.बि.. सिर्सी | ३ | ४३ | १:१५ | | |
| | | | | भगवती आ.बि.खतेना | ३ | ५२ | १:१५ | | |
| | | | | सरस्वती आ.बि. वसौटी | २ | ३८ | १:१५ | | |
| | | | | प्रतिभा आ.बि.गावर | २ | २० | १:१५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नवजज्योती आ.बि.मनोहरवजार | ३ | ४१ | १:१५ | | |
| | | | | जनता आ.बि. सिसमडा | २ | ३७ | १:१५ | | |
| | | | | भमदेवली पआ.बि.हडरानी | ३ | १९ | १:०६ | | |
| | | | यसरी न्यून विद्यार्थी रहेका विद्यालयलाई पालीकाले मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कयम गर्नेतर्फ गाउँपालिकाको ध्यान जान आवश्यक देखिन्छ। | | | | | | |
| ५१ | | | **स्रोत व्यक्ति सट्टा शिक्षक**<br>संघीय सरकारबाट हस्तान्तरण भएका शिक्षा क्षेत्रका कार्यक्रममा खर्च गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ अनुसार खर्च गर्नुपर्नेमा कार्यालयले हाल पद खारेज गरी सम्बन्धित विद्यालयमा पठन पाठनमा फर्काउने गरी निर्णय भएका स्रोतव्यक्तिलाई कार्यपालिकाको मिति २०७५ चैत्र १४ गते को निर्णयअनुसार श्री दुर्गा मा.वि.लमौते, जोरायलका शिक्षक तथा तत्कालिन स्रोतव्यक्ति श्री सिद्धराज जोशी लाई नगरपालिका कार्यालयमा काजमा राखेको र निजको स्थानमा सट्टा शिक्षक राखी तलब भत्ता भुक्तानी गरेको छ । यसरी दरबन्दीको शिक्षकलाई कार्यालयमा काजमा खटाई निजको स्थानमा दोहोरो भार पर्ने गरी सट्टा शिक्षकलाई वार्षिक रू. ३७९९३०.०० तलब भत्ता भुक्तानी भएको छ । सट्टा शिक्षक राखि तलब र भत्ता वापत भुक्तानी भएको रकम अनियमित देखिएको रू. | | | | | | ३७९,९३० |
| ५२ | | | **सेनीटरी प्याड खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार २० लाख सम्मको औषधिजन्य/ स्वास्थ्य सामाग्री सोझै खरीद गर्न पाउने तर खरीद गर्दा त्यसको सम्झौतामा विभिन्न विषय उल्लेख गरेर खरीद सम्झौता गर्न सकिने उल्लेख छ । पालीकाले शिलबन्दी दरभाउको आधारमा परशुराम ट्रेड एण्ड सप्लायर्ससँग मिति २०७७।१२।२२ मा खरीद सम्झौता गरी २७०९४० पिस हुन आउने सेनीटरी प्याड रू. १४०५५३९.०० मा खरीद भएको छ । वार्षिक रुपमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको अन्तिम महिनामा खरीद गरिएकाले उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । यस्ता सामाग्री शैक्षिक सत्रहरु आर्थिक बर्ष सुरु हुँदाको समयमा नै खरीद गरी उपयोग हुनु पर्दछ । | | | | | | |
| ५२.१ | | | पालीकालेअन्य निकायहरुबाट यस बर्ष हस्तान्तरण भई आएको ९७९२ पिस सेनीटरी प्याड मात्रै विद्यालयहरुमा हस्तान्तरण गरेको भएतापनि वाँकि २७०९४० सवै सेनीटरी प्याड बर्षान्तमा वाँकि देखिन्छ । यसरी बर्षान्तमा खरीद गरी मौज्दातमा राख्दा कार्यक्रमको लक्ष्य प्राप्ती नहुने देखिन्छ । पालीकाले लक्षित विद्यार्थीहरुलाई सुविधा उपभोगको वातावरण सृजना गर्नुपर्ने देखिन्छ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.२ | | | आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७७।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालीकाले सेनीटरी प्याड खरीद गरी परशुराम ट्रेड एण्ड सप्लायर्सलाई गो.भौ. १३०।०७८।२।२५ बाट रु. १४०५५३९.०० भुक्तानी दिदा शतप्रतिशत नै मू.अ.कर रकम सम्वन्धित फर्मलाई नै भुक्तानी दिइको पाईएकोले नियमानुसार कट्टा गर्नुपर्ने मू.अ.कर रु.८०८४९.०० को समायोजन पत्र पेश हुनुपर्ने अन्यथा असुल हुने रु.. | ८०,८४९ |
| ५३ | | | **थप पाठ्य पुस्तक वितरण**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७७।७८ को ३.१क(३) मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०७८ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वियन पुस्तिकाको व्यवस्था प्रतिकूल गो.भौ.२९६।०७८।३।२३ बाट विभिन्न ५२ विद्यालयहरुलाई मागका आधारमा नभई एकमुष्ठ रु.११८४१७६.०० निकासा दिएको पाईयो । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसारविद्यालयहरुको प्रमाण पेश हुने रु. | १,१८४,१७६ |
| ५४ | | | **बढी निकासा**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७७।७८ अनुसार प्राविधिक धार तर्फ अध्यापन हुने विद्यालयहरुमा प्राविधिक भत्ता १० महिनाको मात्रै प्रति महिना प्रति शिक्षक रु.३०००.०० का दरले मात्रै निकासा दिनुपर्ने देखिन्छ ।घण्टेश्वर मा.वि. जोरायल-४ मा कृषि प्राविधिक धार तर्फ २ जना सहायक प्रशिक्षक र ६ जना प्रशिक्षक रहेकोमा पालीकाले १२ महिनाको नै प्राविधिक भत्ता निकासा दिएको पाईएकोले बढी निकासा रकम रु.४८०००.०० सम्वन्धित विद्यालयबाट असूल गरि राजश्व दाखिला हुने रु.... | ४८,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>दिवा खाजा<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणितप्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न ५८ विद्यालयहरुमा गो.भौ. २८८। ०७८।३।२३ बाट रु.३०४५९००.०० एकमुष्ठ तेस्रो चौमासिकमा मात्रै निकासा दिएको पाईयो । जसले गर्दा निकासा एवं खाजा कार्यक्रम तोकिएवमोजिम नै छ भनी आश्वस्त हुन सकिएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसार हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>राष्ट्रपति शैक्षीक सुधार<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ अनुसार देहायका विद्यालयमा राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको निर्माणको लागि रकम निकासा गरेको पाईयो । तर पालिकाले सो भवनको निर्माण भए नभएको अनुगमन गरी प्राविधिक मुल्याङ्कन सहितको प्रमाण पेश गरेको छैन । सोको अनुगमन प्रतिवेदन सहितको कार्यसम्पन्न पेश हुने रु<br>
<table>
<tr><th>सि.नं</th><th>विद्यालय</th><th>कार्य</th><th>निकासा मिती</th><th>रकम</th></tr>
<tr><td>१</td><td>घण्टेश्वर मा.वि.</td><td>२ कोठे भवन</td><td>२०७८।३।२४</td><td>१८०००००.</td></tr>
<tr><td>२</td><td>गौरीशंकर मा.वि.</td><td>२ कोठे भवन</td><td>२०७८।३।२४</td><td>१८०००००.</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३६०००००.</td></tr>
</table></td><td>३,६००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>
पारिश्रमिक कर<br>
आयकर नियमावली, २०५९ मा रोजगार आय प्राप्त गर्ने करदाताबाट वार्षिक रुपमा संकलन हुने कर दामासाहीको दरले भुक्तानीमा कर कट्टी गर्नु पर्ने व्यवस्था छ । त्यस्तै ऐनको अनुसूची १ बमोजिम करको दर निर्धारण गरी कर कट्टी गरी पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा पालीकाले देहायका कर्मचारीको रू. २२६००।- कर कट्टी नगरेकोले पारिश्रमिक कर असूल गरी दाखिला गर्नुपर्ने रू.
<table>
<tr><th>कर्मचारीको नाम</th><th>वार्षिक तलब</th><th>जम्मा कट्टी</th><th>करयोग्य आय</th><th>लाग्ने कर</th><th>कर</th><th>वाँकी कर</th></tr>
<tr><td>सि.अ.हे.व गोविन्द ब. विष्ट</td><td>८२१८४६.</td><td>६१५७४०.</td><td>२०६१०६.</td><td>३५७२०.</td><td>१९६४३.</td><td>१६०७७.</td></tr>
<tr><td>अ.न.मि. पावौ वम्पा मल्ल</td><td>६१३९०९.</td><td>५६६३०४.</td><td>४७६०५.</td><td>९२६०.</td><td>६६८५.</td><td>२५७५.</td></tr>
<tr><td>अ.न.मि. पावौ बसन्ता मल्ल</td><td>६६७५५१.</td><td>५७५३२८.</td><td>९२२२३.</td><td>१४४७२.</td><td>१०५२४.</td><td>३९४८.</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२२६००.</td></tr>
</table>
</td><td>२२,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले भौ.नं. ४३।२०७७।१०।७, १०७ र अन्यबाट समेत गरी रू.१४३५०००।- को औषधी सिलबन्दी दरभाउपत्र मार्फत खरीद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड भएको प्रमाण पेश नभएको । औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । • आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । • तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५९ | | | **प्रधानमन्त्री रोजगार**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमानहर निर्माण,सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी २५१ जनालाई समग्रमा २५१०० दिन र औषतमा १०० दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रू. १२८४१९४३.००खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ ।वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्वेश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ । | |
| ६० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमको पारिश्रमिक भुक्तानी**<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ५ बुँदा २१ (१) अनुसार स्थानिय तहले श्रमिकको ज्याला सम्वन्धित रोजगार समितीको निवेदन र हाँजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्वन्धित वडा अध्यक्षको सिफारीस बमोजिम श्रमिकको बैक खातामा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएका ३८ वटा योजनाको ज्याला वापतको रकम रू. १२८४१९४३.०० सम्बन्धित श्रमिकको वैंक खातामा भुक्तानी नगरी रोजगार उपभोक्ता समितिको खातामा भुक्तानी गरेको छ ।जसले गर्दा सम्बन्धित श्रमिकहरुले पारिश्रमिक वापतको रकम प्राप्त गरेको एकिन हुदैन । कार्यविधिले तोकेको प्रक्रिया अवलम्बन गरी सम्बन्धित श्रमिकको बैँक खातामा सोझै तलब भुक्तानी गर्नुपर्दछ । | |
| ६१ | | | **कृषक अनुदान** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१.१ | | | पालीकाले बार्षिक कार्यक्रम बमोजीम यस आर्थिक बर्षमा प्रधानमन्त्री कृषी आधुनिकिकरण परीयोजना अन्तर्गत संचालित पकेट क्षेत्रहरुका समितीहरुलाई अनुदान भनी विभिन्न ६ कृषक समूहहरुलाई अनुदान उपलव्ध गराएको पाईयो । पालिकाले सो अनुदान निकासाको लागि कृषकको माग एवं संभावनाको आधार समेतलाई मध्यनजर गर्दै प्रस्ताव माग गर्नुपर्ने र सोहि प्राथमिकताको आधारमा कृषकको छनौट गर्नुपर्नेमा सिमित कृषकको मागको आधारमा मात्रै अनुदान रकम निकासा दिएको पाईयो । अतः छनौटको निश्चित मापदण्ड र आधार बनाई वितरण प्रणालीलाई पारदर्शि बनाउनुपर्ने देखन्छ । | |
| ६१.२ | | | पालीकाले भैसिको साना व्याबसायीक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम अन्तर्गत मिती २०७७।९।३ मा सूचना प्रकासन गरेकोमा एक मात्र फर्मको निवेदन परेको भनी नमूना भैसी पालन समूहलाई गो.भौ.२२९।०७८।३।१ बाट रु.२०९७४१४.०० अनुदान निकासा दिएको पाईयो । कृषक र पालीका दुवैको समान योगदान रहने उक्त कार्यक्रममा प्रतीश्पर्धी वातावरण बनाई आवश्यकता पहिचान समेतको आधारमा अनुदान दिने वातावरण सृजना गर्नुपर्ने देखिन्छ । | |
| ६२ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालीकाले यस आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु.२५८१२८१.४९ खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । अतः सो सम्वन्धमा सुधार हुनुपर्ने देखिन्छ । | |
| ६३ | | | **कार्यसम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेमा अन्तिम विल तयार हुने वितिकै कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेबाट निर्माण व्यवसायी कानूनी दायित्व बाट मुक्त हुने गरेको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **सार्वजनिक परिक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ६५ | | | **बीमा गराउनुपर्ने**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिए बमोजिम बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बीमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बीमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बीमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर मात्र निर्माण कार्यको थालनी गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **डिपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| न्यायिक समिती भवनको DPR | सास ईन्जिनियरीङ्ग कन्सल्टेन्सी | ९०००००. | ९०००००. |
| छहरा झरनाको DPR | शुभम् डेभलपर्स | १९९३७३८. | १९७४११०. |
| दोडारि रोड आ.ई.ई | शुभम् डेभलपर्स | १९९३५९८. | १९७९९८३. |
| १५ शैया अस्पतालको DPR | पि. ईन्जिनियरीङ्ग | १९९७६०२. | १९८८८००. |
| ६ वटा रोडको DPR | साइपाल ईन्जिनियरीङ्ग | २०००००००. | १९८१५६०. |
| जम्मा | | ६८८४९३८. | ६८४२८९३. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । नियमावलीमा भएको व्यवस्था बमोजिम गुणस्तर निरीक्षण वा परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जान आवश्यक छ । | |
| ६८ | | | **मालसामान तथा उपकरण खरिद**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन । खरिद गरिएका मालसामानमा तोकिएको गुणस्तर कायम भएको हुनुपर्दछ । | |
| ६९ | | | **रामपुर नमूना मा वि अनुदान**<br>सशर्तअनुदान वापत प्राप्त रकम अनुदान दिंदा सोको वील भरपाई सहितको विवरण पालीकामा पेश हुनुपर्दछ । शिक्षा विकास तथा मानव श्रत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुँदा नं. ८(११.१.२.१मा) विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फ पालीकाको प्राविधिक मार्फत विद्यालयसँग सम्झौता गर्नुपर्ने र सम्झौता अनुसार क्रमशः ३०,५० र २० प्रतीशतका दरले किस्ताबन्दीमा अनुदान उपलव्ध गराउने उल्लेख छ । रायपुर नमूना मा.वि लाई रु.१ करोड ( आई.सी.टी. ५० लाख बाहेक) नमूना मा.वि.कार्यक्रम अन्तर्गत विनीयोजन भएकोमा रु.५६८५०००.०० को विद्यालय भवन कार्यालयबाट प्रकृया पुर्याई निकासा एवं खर्च प्रमाण (विद्यालय भवन निर्माण) प्राप्त भएको छ भने बाँकी रकम रु.४३१५०००.०० को सभा हल निर्माण भनी विद्यालयलाई नै अनुदान दिई ठेक्का प्रकृया समेत विद्यालयले नै गरेको छ । यसरी निर्देशिका विपरीत निर्माणको ठेक्का प्रकृया विद्यालयले गरेको र उक्त रकमको निर्माण सम्पन्न प्रमाण प्राप्त नभएको साथै पेश्कि समेत नदेखाईएकोले निर्माण भएको प्रमाण कागजात पेश हुनुपर्ने रु.... | ४,३१५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **मुल्य अभिवृद्धि कर कट्टि नगरेको**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । यस पालिकाले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मू.अ.कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्नेमा सो वमोजिम नगरी निम्नानुसारकोभुक्तानीमा शतप्रतिशत भुक्तानी दिएको देखिएकोले निम्नानुसारको रकमको मू.अ.कर समायोजन पत्र पेश हुनुपर्ने रु. | २१२,३०४ |

| गो.भौ।मिति | बिक्रेता | मूल्य | मु.अ.कर | ५०,३०% ले हुने |
|---|---|---|---|---|
| २१।०७७।१०।२३ | परशुराम ट्रेड एण्ड सप्लायर्स | ५५६४००. | ७२४६२. | ३६२३१. |
| ४५।०७८।३।४ | एभरेष्ट सोलार ईनर्जी | ६९८१००. | ७२२५९. | २१२७८. |
| ९५।०७७।९।२ | शुभम डेभलपर्स | ६११४५०. | ७९४८८. | ३९७४४. |
| ९६।०७७।१०।६ | शुभम डेभलपर्स | ११३५५५०. | १४७४२१. | ७३७११. |
| ३६९।०७८।३।१५ | एभरेष्ट सोलार ईनर्जी | १०६००००. | १३७८००. | ४१३४०. |
| जम्मा | | | | २१२३०४. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **उपभोक्तालाई बढी भुक्तानि**<br>संघिय सशर्त अनुदान पूजिगत तर्फ निर्माण कार्यमा न्यूनतम ५% उपभोक्ता समूहको योगदान रहनुपर्ने व्यवस्था भएकोमा साहुघाट झोलुङ्गेपुल निर्माण उपभोक्ता समितिलाई कार्यसम्पन्न भनी (लट्ठा तान्ने र जोड्ने कार्य बाहेक) विल भरपाई अनुसार रु.३७६३३८०.१६ भुक्तानी गर्दा रु.१४४१६९।७६ मात्र उपभोक्ता समितिको योगदान कट्टि गरेको छ । अतः कम उपभोक्ता समितिको योगदान कम कट्टि गरेको रकम रु. ४४०००.०० सम्वन्धित उपभोक्ता समितिबाट असूल हुने रु..... | ४४,००० |

| ७२ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |

**मेशिनरी प्रयोग**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्र निर्माण कार्य वा अन्य सेवा प्रयोजनको लागि निर्माण सामाग्री ज्याला भाडा तथा महसुलको स्थानीय न्यूनतम दर रेट निर्धारण गर्नु पर्ने व्यवस्था छ । जिल्ला दररेट तथा स्थानीय दररेटमा मेशिन प्रयोग गरी सडक निर्माण गर्दा सडक विभागले तय गरेको प्रति घण्टाको भाडा दर अनुसार हुने निर्णय उल्लेख छ ।साथै लागत अनुमान गर्दा सो ब्यहोरा नखुलाईएको तर उपभोक्ताले मेशिनरी प्रयोग गरी कार्य गरेको पाईएकोले लागत अनुमान गर्दा दर बिश्लेषण मानिसद्वारा गर्ने हो कि मेशिनको प्रयोगबाट गर्ने हो यकिन भएको पाईएन । तर कार्यालयको भनाई अनुसार सबै कार्य मेशिनबाट गर्ने गरी लागत अनुमान तयार गरेको भन्ने भनाई रहेको छ । केहि उदाहरणहरु देहाय वमोजिम छन् ।

| गो.भौ।मिति | उपभोक्ता समूह | लागत अनुमान | भुक्तानी | व्यहोरा |
| --- | --- | --- | --- | --- |
| ५।०७७।५।३ | जोरायल गोडसेरा स.म.उ.स. | ५३६४०३. | ४२८२६८. | रु.२१९९६४ को ईन्धन विल र रु.२३१००४ को निर्माण सेवाको बिल |
| ४४।०७७।९।३ | जोरायल गोडसेरा स.म.उ.स. | २००००००. | १४२९२४८. | पुरै विल निर्माण सेवाको पेश |
| १४।०७७।७।२० | १नं. वडा स्तरीय सडक सरसफाई | ४१८९१९. | ३३५१३५. | पुरै विल निर्माण सेवाको पेश |
| २२।०७७।८।१० | जोरायल बडिगाड सडक नि. उ. स | ८१२००००. | ४७९६४६१. | पुरै विल निर्माण सेवाको पेश |
| २०३।०७७।१२।६ | जोरायल बडिगाड सडक नि. उ. स | ८१२००००. | १८९०९०९. | १२२७८८५.०० को ईन्धन विल र बाँकि पुरै विल निर्माण सेवाको पेश |
| ६३।०७७।९।२४ | लामिखाली ठाँटिगडा स.नि.उ.स | ११८८६८८. | ९५९९९९. | पुरै विल निर्माण सेवाको पेश |
| १४६.०७७।१०। | कफलतरी दह सिस्मडा | ९२०८९०. | ७६७२९०. | पुरै विल निर्माण सेवाको पेश |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २९ | स.नि.उ.स | | | | |
| | | | २०९।०७७।१२। ९ | कोलकट्टेखान भूमदेउती स.नि.उ.स | १०३३६६०. | ८२६९२८. | रु.२७०००० को ईन्धन वील र अन्य सवै निर्माण सेवाको बिल | |
| | | | यसरी निर्माण कार्यमा मेशिनरी प्रयोग गर्दा सार्वजनिक खरीद ऐन, २०६३ को दफा ९७ वमोजिम प्राविधिकको सिफारीस लिएको देखिदैन । दर विश्लेषण गर्दा नरम माटो प्रती घ.मी. रु.७०।÷, मध्यम चट्टान प्रती घ.मी. रु.२१०।÷ र कडा चट्टान प्रती घ.मी. रु.१८३२।५० का दरले लागत अनुमान गरेको देखिन्छ । सो कार्य म्यानुअल हो वा मेशिनबाट गर्ने हो भन्ने नखुलेको कारण सम्पन्न कार्यहरुको खर्च वास्तविक दररेट मा आधारीत छ भन्न सकिएन ।<br>साथै गोगनपानी साकिन्डाँडा सडकमा **BMS Soft** ६३१०.३८ घ.मी. र **soft soil**१५७७.६घ.मी. कार्य समेत मेशीन प्रयोग गरी उपभोक्ता समितिबाट नै गराएको छ । यसरी उपभोक्ता आफै गर्न सकिने कार्य निर्माण व्यवसायीबाट गराएको देखिदा उपभोक्ता समितीबाट कार्य गराउनुको उपादेयता देखिदैन । | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७३</td><td></td><td></td><td>

**सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा स◌ीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रू.५ लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो बर्ष निम्नानुसारका फर्निचरहरु खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाई निम्नानुसार रु 1972647.00 को सोझै खरिद गरेको देखियो ।

<table>
<tr><th>सि.नं.</th><th>गो.भौ।मिति</th><th>आपूर्तक। कार्य</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>१</td><td>१०६।०७७।१०।९</td><td>शिवपार्वती फर्निचर उधोग</td><td>४९९००८.००</td></tr>
<tr><td>२</td><td>१०७।०७७।१०।९</td><td>शंकर ट्रेडर्स</td><td>४९८८९५.००</td></tr>
<tr><td>३</td><td>१७३।०७७।११।१२</td><td>उग्रतारा ट्रेड एण्ड सप्लायर्स</td><td>४९८०२०.००</td></tr>
<tr><td>४</td><td>२२५।०७७।१२।३०</td><td>शिवपार्वती फर्निचर उधोग</td><td>४९९२९०.००</td></tr>
<tr><td colspan="3">**जम्मा**</td><td>**१९९५२१३.००**</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>**कार्यालय भवनको तला थप**</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४.१ | | | सार्वजनिक खरीद एन, २०६३ को दफा १०(६) को प्रतीवन्धात्मक बाक्याङ्समा वोलपत्र दर्ता भई प्रस्तावकको साना तिना त्रुटी भएको अवस्थामा वोलपत्रदाताबाट सो सम्वन्धि आवश्यक कागजात माग गरी सच्चाउन सकिने व्यवस्था छ । पालीका भवनको माथील्लो तला थप गर्न रु.१६९५७३२९.०० को लागत अनुमानमा वोलपत्र आव्हान गर्दा २२ वटा बोलपत्र **(e-bidding)**प्राप्त भएकोमा सबैभन्दा न्यून रु.८९०३५९१.६२ को लबिना कन्सट्रक्सनको वोलपत्र प्राप्त भएकोमा निजको कंपनी प्रमाणपत्र नविकरण भएको प्रमाण संलग्न नगरेको भनि दोस्रो न्यनतम कबोल गर्ने उमा ईन्फ्रा बिल्डर्स को रु.१०१२३५९३.१० को स्विकृत गरिएको छ । जसले गर्दा रु.१२२०००१.४७ थप व्ययभार पर्न गएको छ । ऐनको उल्लेखित व्यवस्था वमोजीम सानोतिनो त्रुटी सच्चाउने अवधी न्यूनतम प्रस्तावकलाई दिएको पाईएन । नविकरण निस्सा माग गरी व्ययभार कम गर्नेतर्फ पालीकाको ध्यान गएको पाईएन । दोस्रो न्युनतम कवोल गर्ने प्रस्तावकलाई सम्झौताको लागि सूचना गर्दा निजले मेरो सम्पूर्ण कार्यगर्ने अख्तियारी दिई पठाएको भनी पहिलो न्यूनतम प्रस्तावकलाई नै जिम्मेवारी दिएको छ । यसरी सार्वजनिक खरीद ऐन, २०६३ को दफा २६(६) वमोजिम मिलेमतोको सम्भावना समेत देखिएकोले यस्ता वोलपत्र उपर कुनै कारवाही गरेको पाईएन । तसर्थ थप व्ययभार पारेको रकम नियमसम्मत नदेखिएको रु... | १,२२०,००१ |
| ७४.२ | | | उपरोक्त (क)वमोजिमको कार्यमा गार्होको उचाई ९.५ फिटबाट बढाई ९.७८ फिट बनाउनुपर्ने देखिएर कूल कार्यको ३.९६ % को थप भेरीएसन आदेश दिइको छ । जसको कारण निर्माण कार्यको कूल भुक्तानी रु. १०५४०५५०.९० (मू.अ.कर समेत) हुनुपर्नेमा तीनवटा रनिङ्ग विलबाट रु.१०६६६६९०.०० भुक्तानी भएकोले रु.१२६१३९.०० बढि भुकतानी भएको पाईयो । अतः सो बढी भुक्तानी रकम निजबाट असूल हुनुपर्ने रु | १२६,१३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **पालीकाको योगदान अंश नरहेको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा प्रत्येक निर्माण कार्य गराउदा को योगदान उपभोक्ता छुट्टिने गरी कार्य गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रम संचालन गर्दा प्रदेशबाट प्राप्त रकमको कम्तीमा २०% अंश स्थानिय तहको रहनुपर्ने व्यवस्था छ । पालीकाले विभीन्न स्व-रोजगारमूलक कार्यक्रम गरी रु.१११२०००.०० खर्च गरेकोमा पालिकाको कुनै योगदान रहेको पाईएन । प्रदेश सरकारको सिप विकास तालीम कार्यविधी, २०७७ अनुसार संघ-प्रदेश-स्थानिय तहको लागत सहभागितामा आधारित यस कार्यक्रमबाट पालिकाको आफ्नो योगदान नदेखिएको हुदा निर्देशिका अनुसार प्राप्त रकम खर्च गर्दा बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।<br>:<br>वडा नं २ अन्तर्गत सडक सरसफाई समितिलाई सडक सफाई गरे बाफत रु २८३५३८.०० भुक्तानी दिईएकोमा प्राबिधिक स्टीमेट तथा टिप्पणी आदेशमा उल्लेख गरीए अनुसारको श्रमदान स्वरुपको रकम ७२०००.०० बराबरको कार्य लाभग्राही उपभोक्ता बाट भएको पुष्ट्याई गर्ने डोर हाजीरी नभएको हुदा उक्त प्रमाण पेश गर्नुपर्ने रु.... | ७२,००० |
| ७६ | | | **नर्म्स विपरितको खर्च** | |
| ७६.१ | | | विकिरण गौतमलाई सहजीकरण भत्ता भनी रु.६०००.०० का दरले ५ दिनको खाना र आवास भनी रु.१६००.०० का दरले ७ दिनको र लेखन कार्य वापतको रु.१८००.०० खर्च लेखेकोमा सोको नर्म्स, स्विकृत लागत स्टिमेट आदि पेश नभएकोले खर्च लेखेको आधार पेश हुनपर्ने रु.... | ५९,२०० |
| ७६.२ | | | स्थानिय तह जोखिम न्युनिकरण योजना निर्माणको लागि आउनुभएका गणेश बोहोरालाई दाङ सम्म सवारी व्यवस्था गरी रु.२४०००.०० खर्च लेखेको रकम बढी व्ययभार पारेको देखिएको रु.... | २४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७६.३ | | | कार्यक्रमको उदेश्य अनुरुप वालवालीकालाई बढी भन्दा बढी प्रत्यक्ष फाईदा पुग्ने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ । वालकेन्द्रित विपद जोखिम न्यूनिकरण भन्ने कार्यक्रम रहेकोमा कर्मचारी एवं पदाधिकारी वैठक भत्ता र यातायात खर्च, खानेपानी खर्च, विद्यालय भन्दा धेरै टाढा तटबन्ध कार्यक्रम, पालिका रिश्क प्रोफाईल बुक खरीद रु.२२०००.०० मा १०० वटा, पालीका LDCRD-DPRP Book १०० थान रु.३५०००.०० खरीद गरी मौज्दातमै राखेको जस्ता खर्चको प्रवृत्ती देखिएको हुँदा कार्यक्रमको उदेश्य बमोजीम वालवालिका प्रत्यक्ष रुपमा लाभान्वित हुनेगरी कार्यक्रम संचालन भएको पाईएन । साथै यस कार्यक्रम अन्तर्गत रु.५७९९०००.०० खर्च भएकोमा विधार्थीलाई पुस्तक, पेन्सिल वापत रु.३ लाख खर्च लेखिएकोमा सो सामान एक शिक्षकलाई बुझाएकोमा सो सामान सम्वन्धित लक्षित वर्गले पाए नपाएको साथै विपद व्यवस्थापनका लागी सवै विद्यालयका शिक्षकलाई तालिम दिईएको छ सोबाट विधार्थी लाभान्वित भए नभएको सम्बन्धमा अनुगमन समेत गरीएको छैन । तसर्थ कार्यक्रमको उदेश्य अनुसार खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७६.४ | 40 | २०७८-३-२३ | वास फोकल पर्सन श्री निर्मल बहादुर रानाभाटलाई रु.२५०००.०० खाना खाजा खर्च भनी भुक्तानी दिएकोमा उक्त खर्च निजले फिल्डमा जाँदा भएको खर्च भनी माग गरेको आधारमा दिएको पाईएकोले सो खर्च दैनिक भत्ता लिई फिल्डमा खटिएको अवधिको भएकोले सो खर्च लेख्न मिल्ने नदेखिएको हुदा असूल गर्नुपर्ने रु... | २५,००० |
| ७६.५ | 2 | २०७७-३-१३ | व्यवस्थापन समितीको यातायात खर्च भनी गाउँपालीका स्तरीय वैठकमा २४ जनालाई रु.१०००.०० का दरले खर्च लेखेकोमा पालीकाले नर्म्स अनुसार वडा नं ३ र ४ लाई नदिने भनेकोमा ८ जनाको यातायात खर्च दिन नमिल्ने देखिइको रु.... | १६,००० |
| ७७ | | | **बजेट व्यवस्था र खर्चको विवरण**<br>यस बर्ष पालीकालाई कोभिड-१९ अस्थाई अस्पताल संचालनका लागि रु.१००००००.०० वजेट प्राप्त भएकोमा रु.८३४०००.०० खर्च गरेको छ भने कोरोना भाईरस रोकथाम तथा जोखिम न्यूनिकरणको लागि रु.७४५२०००.०० विनियोजन भएकोमा रु.६२३५०००.०० खर्च गरेको छ । पालिकाले १० वटा अस्थाई क्वारेन्टाईन स्थापना गरी संचालनमा ल्याएको, ३० स्थानमा हातधुने व्यवस्था गरेको र औषधी तथा औषधीजन्य सामान खरिद गरेको एवं जोखिम भत्तामा १९७०००००.०० खर्च गरेको र केहि स्वास्थ्यकर्मि नियुक्ती गरि कार्य गराएको पाईयो । सो सम्वन्धि देखिएको व्यहोरा निम्नानुसार छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन,२०५८ तथाआयकर नियमावली, २०५९ मा रोजगार आय प्राप्त गर्ने व्यक्तीबाट आर्थिक ऐन,२०७७ वमोजिम विभीन्न दरले भुक्तानीमा पारीश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालीकाले स्वास्थ्य संयोजक गोविन्द बहादुर बिष्टलाई जोखिम भत्ता भुक्तानी दिंदा पारीश्रमिक कर रु.४९९०.०० कट्टि गरेर मात्रै भुक्तानी दिनुपर्नेमा सामाजिक सुरक्षा कर मात्रै कट्टा गरेको पाईएकोले नपुग रकम रु.४४९०.०० सम्वन्धितबाट असूल हुने रु.... | ४,४९० |
| ७९ | | | **जोखिम भत्ता**<br>जोखिम भत्ता वितरण सम्वन्धि निर्देशिका, २०७७ वमोजीम सो भत्ता वितरण गर्दा कर्मचारी कुन कुन पङ्तीमा कस-कसलाई खटाईएको हो सो अनुरुप वितरण गर्नुपर्नेमा सो विवरण विना सवैजना कर्मचारीहरुलाई एकमुष्ठ रुपमा खर्च लेखिएको, ईलाका प्रहरी कार्यालयका प्रहरी जवानलाई पनि भुक्तानी दिइएको जस्ता प्रवृत्ति देखिएकोले उपयुक्त पुष्ट्याईका आधारमा खर्च लेख्नुपर्दछ । | |
| ८० | | | **आइसोलेसन खर्च**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ एवं जोखिम भत्ता वितरण निर्देशिका २०७७ बमोजिम खर्चमा मितव्ययिता अपनाउने र उपयुक्त आधारमा मात्र खर्च लेख्नुपर्नेमा विभीन्न विद्यालयमा क्वारेन्टाईन तथा आइसोलेसन राखे वापत केही विद्यालयलाई सोधभर्ना दिएको छ भने कतै वडा पदाधिकारीलाई लाखौ रुपैया सोधभर्ना दिएको, खानाको दरमा एकरुपता छैन । विद्यालयलाई रंगरोगन खर्च समेत दिईएको पाईएकोले खर्चमा नियन्त्रण, मितव्ययीता, पारदर्शिता र एकरुपता भएको पाईएन । | |
| ८१ | | | **मू अ कर समायोजन पेश हुने**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालीकाले सिंचाई योजनाको डी.पि.आर. तयार गरेको भनी परशुराम एस.एस.जी.कन्सल्टेन्सीलाई गो.भौ. ११९।०७७।१०।१ बाट रु. ३९९४५५.०० भुक्तानी दिदा शतप्रतिशत नै मू.अ.कर रकम सम्वन्धित फर्मलाई नै भुक्तानी दिइको पाईएकोले नियमानुसार कट्टा गर्नुपर्ने मू.अ.कर रु.१३७८७.०० को समायोजन पत्र पेश हुनुपर्ने रु. | १३,७८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **भ्रमण खर्च**<br>भ्रमण खर्च : सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । • पदाधिकारी र कर्मचारीहरुले विभिन्न कार्यक्रममा सहभागि हुन जाँदा निजि सवारी धनी सँग सम्झौता गरी भाडा बापतको रकम भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ८३ | | | **शिक्षक अनुदान**<br>दशौ गाउँपालिकाको बैठकबाट पालीका अन्तर्गतमा रहेका विद्यालयहरुलाई शिक्षक व्यवस्थापनको लागी अनुदान दिने भनी एकमुष्ठ रु.६०५८१६०.०० वजेट विनियोजन भएको पाईयो । पालिकाले उक्त रकम शिक्षक विद्यार्थी अनुपात एवं विद्यालय मर्जरको आधारमा कुन विद्यालयलाइ कति शिक्षकको दरवन्दि आवश्यक हो सोको आधारमा मात्रै शिक्षा समितीको निर्णय पश्चात् विद्यालयलाई निकासा दिनुपर्नेमा आवश्यता पहिचान एवं मर्जर नगरी निकासा दिएकप पाईयो । अतः आवश्यकता पहिचान गरी खर्चमा मितव्ययिता ल्याउनुपर्ने देखिन्छ । | |
| ८४ | | | **एम्बुलेन्स खर्च**<br>जोरायल गाउँपालीका एम्वुलेन्स सय्चालन कार्यविधि,२०७५ एवं निर्देशिकामा एम्बुलेन्स सेवा संचालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न एक व्यवस्थापन तथा अनुगमन समिती रहने उल्लेख छ । पालीकामा एक एम्वुलेन्स रहेको र सो एम्वुलेन्सको आय र खर्च सम्वन्धि समितीले अनुगमन गर्ने गरेको पाईएन । यस बर्ष पालीकाले एम्वुलेन्स मर्मतमा मात्रै विभिन्न गो.भौ.बाट करीव रु.१००००००.०० भन्दा बढी खर्च गरेको छ ।अतः समितीले अनुगमन तथा रेखदेख गरी खर्चमा मितव्ययिता ल्याउनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **सामाजिक सुरक्षा निकासा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरेको साथै लाभग्राहीको लगत कट्टा समयमा पनि गर्ने गरेको पाइएन । | |
| ८६ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदाँ न १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । पालिकाले सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गरेको छैन । सूचना व्यवस्थापन प्रणालीलाई अध्यावधिक गरी आन्तरिक नियन्त्रण पक्ष प्रभावकारी बनाउनु पर्दछ । | |
| ८७ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) मा बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ भन्ने व्यवस्था छ । तर गाउँपालिकाले हाल सम्म पनि सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण नगरेको एवं वडा समितिको रोहवरमा भत्ता रकम वितरण गरेको नपाईएकोले बैकिङ प्रणाली मार्फत वितरण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८८ | | | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी उपयोग नगरेकोले घटना अभिलेख दुरुस्त भएको अवस्था छैन । सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी उपयोग हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८९ | | | **समिति गठन**<br>विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले प्रमुख तथा उप प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सम्म सदस्य रहेको स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको पाइएन । विपद व्यवस्थापन सम्बन्धी निर्णयहरु कार्यपालिकाले नै गर्ने गरेको देखियो । | |
| ९० | | | **कार्ययोजना**<br>विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ । | |
| ९१ | | | **विपद व्यवस्थापन कोष**<br>विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ । पालिकामा विपद व्यवस्थापन कोष स्थापना भएको छैन । विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ । | |
| ९२ | | | **बार्षिक प्रतिवेदन**<br>विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेका कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन ।ऐनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा स्थानीय तहको आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको लगत तथा मर्मत सम्भारको अभिलेख अध्यावधिक गरेको छैन । सरकारी तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनमा कार्यालयको ध्यान जानु पर्दछ । | |
| ९४ | | | **आन्तरिक लेखापरीक्षण बेरुजु** | |
| ९४.१ | | | प्रदेश आर्थिक कार्यविधि नियमावलीको नियम ९६(३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केको वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गरार्इ वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्ना असूल उपर गरी वेरुजु लगत कट्टा गराउनु पर्ने उल्लेख छ । सो अनुसार आन्तरीक लेखापरीक्षणबाट देखिएका व्यहोरा फछ्यौंट गरेको पाईएन । | |
| ९४.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९मा रु. २००००.००भन्दा बढी रकमको मालसमान वा सेवा सार्वजनिक निकायले खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्थाछ । यस कार्यालयले मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेका व्यवसायबाट बारम्बार रु. २००००.०० भन्दा बढीको कारोबार गरिएको देखियो । तसर्थ त्यस्ता व्यवसाय वा फर्मबाट आर्थिक सम्बन्धी कारोबार गर्न कार्यालयले निरुत्साहित गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९४.३ | | | **जिन्सी सामानको निरिक्षणः** आर्थिक कार्यविधि नियमावली, 2064 को नियम 50(1) बमोजिम कार्यालयमा लगत खडा गरी राखिएको जिन्सी मालसमान के कस्तो अवस्थामा छन कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा 1 पटक आफैले निरिक्षण गरी वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्ने व्यवस्था छ । यसरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएको कुनै मालसमान भेटिएमा मुल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाई त्यस्तो मालसमानको मर्मत सम्भार र संरक्षण गर्न गराउनुपर्ने उल्लेख छ । उपनियम 1 बमोजिमको प्रतिवेदनमा देहायका कुराहरु स्पष्ट रुपमा खुलेको हुनुपर्नेछ ।<br>क. जिन्सी कितावमा आम्दानी नबाधिएका जिन्सी मालसमान भए के कति र कस्तो अवस्थामा छन,<br>ख. मालसमानको संरक्षण र सम्भार राम्रोसँग भएको छ/छैन,<br>ग. के कति जिन्सी मालसमानहरु मर्मत सम्भार गर्नुपर्ने अवस्थामा छन्,<br>घ. के कति जिन्सी मालसमानहरु बेकाममा भई लिलाम बिक्री वा मिनाहा गर्नुपर्ने छन,<br>ङ. जिन्सी मालसमानको प्रयोग भए नभएको हानी नोक्सानी भएको भए कसको लापरवाहीबाट भएको हो,<br>च. एकै किसिमको मालसमान मध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण ।<br>छ. महालेखा नियमन्त्रक कार्यालयले तोकिदिएका अन्य कुराहरु ।<br>उल्लेखित निमावलीमा व्यवस्था भए बमोजिम कार्यालय प्रमुखले जिन्सी निरिक्षण नगराएको साथै कार्यालयमा भएका जिन्सी मालसमानलाई व्यक्तिगत प्रयोगमा लिई सरकारी जिन्सी समानको दुरुपयोग भएको देखिदा कार्यालय प्रमुखले जिन्सी निरिक्षण गर्नुका साथै सोको लगत संरक्षण र मर्मत सम्भार गरी सरकारी जिन्सी समानको हुन सक्ने दुरुपयोगलाई नियन्त्रण गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९५ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्यौंट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्यौंट हुन नसकी पेश्की बाकी नै रहेको पाईएकोले उक्त विवरण कायम गरेको रकम नियमानुसार फछ्यौंट हुने रु. | ६,०४३,२१६ |

| सि.नं. | गो.भौ.।मिती | फर्म।पदाधिकारी | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| १ | २८९।०७७।७।२० | सुरेश चौधरी | - | ७५०००.०० |
| २ | ३६।०७८।१।२० | रामपुर नमूना मा.वि | ४३१५०००.०० | - |
| ३ | २६७।०७८।३।२४ | घण्टेश्वर मा.वि. | - | १८०००००.०० |
| ४ | ७६।०७८।३।२४ | कृष्ण मा.वि. | - | १०२९१२१.०० |
| ५ | ७७।०७८।३।२४ | महासरस्वति मा.वि. | - | ९०५१४५.०० |
| ६ | २६५।०७८।३।२४ | गौरीशंकर मा.वि. | - | १८०००००.०० |
| ७ | १६२।०७७।११।१० | जम्मा ओसार खा.पा.ऊ. | १६०००००.०० | - |
| ८ | ३०।०७८।३।१३ | निर्मल ब. भाट | - | ४३३९५०.०० |
| **जम्मा** | | | **५९१४९९९.८५** | **६०४३२१६.००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९६ | | | अनुगमन तथा संपरीक्षण<br>-स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजु फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको निम्नानुसारको बेरुजु फछ्यौंट गरी संपरीक्षणको लागि पेश गरिएकोमा संपरीक्षण गरिएको छ । | |

| दफा नं | आ.व= | फछ्यौंटको विवरण | रकम |
|---|---|---|---|
| १०३ | २०७६।७७ | चन्द्र देव ओझा को सा.सु. पे.फ | ३७९९६००.०० |
| १०३ | | सुरेश चौधरीको को सा.सु. पे.फ | २०९९८००.०० |
| ८५ | | उपाध्याक्ष जमुना कुमारी बोहोराको असूल फछ्यौंट | ४४१२५.०० |
| ८६ | | उपाध्याक्ष जमुना कुमारी बोहोराको असूल फछ्यौंट | १५०००.०० |
| २८ | | शसर्त अनुदान रकम फिर्ता प्रमाण पेश | २६९५८१५.०० |
| ०२ | | बैंक हिसाव मिलान पेश | ८२८७४३३.५० |
| | | **जम्मा** | **१६९४१७७३.५०** |